# श्री मिलमिले जुरेढुङ्गा सामुदायिक वन उपभोक्ता समूह

ऐरावती-१, प्यूठान

**मिलमिले जुरेढुङ्गा सामुदायिक वन उपभोक्ता समूह ऐरावती ०१ प्यूठानवाट प्रकाशित काठ लिलाम विक्री सम्वन्धि विस्तृत सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८३।०२।२८

डिभिजन वन कार्यालय, प्यूठानको च.नं. ५४६ मिति २०८२/०९/१७ को संकलन सहमति वमोजिम नियमानुसार संकलन गरी ऐरावती गा.पा. ०१ मान्द्रेमा घाटगद्धि रहेको गोलिया काठ घाटगद्दीमा जेजस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्नु परेकोले सम्वन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। ईच्छुक तथा रित पुगेका काठ दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका र काष्ठ ब्यवसायीले सुचना लुम्विनी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित मितिले २१ दिन भित्र वुँदा नं ३ मा तोकिएको निकायबाट बोलपत्र खरिद गरि २२औ दिनको दिन कार्यालय समय भित्र खरिद गरेको निकायमा दाखिला गर्न सकिने ब्यहोरा सुचित गरिन्छ।

१. वन पैदावारको विवरण

| क्र.सं. | लट नं. | प्रजाति | थान | परिमाण | राजस्व दर | न्यूनतम मूल्य | सङ्कलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | खयर | ५६४ | ६२६।५८ | १००० | ६२६५८० | १३४००० | |

२. बोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय
   - खरिद गर्ने अन्तिम मिति २०८३।०३।१७ गते वुधवार कार्यालय समय भित्र
   - दाखिला गर्ने अन्तिम मिति २०८३।०३।१८ गते विहिवार ११:०० बजे भित्र

३. बोलपत्र फाराम रु १००० रकम (फिर्ता नहुने) तिरी डिभिजन वन कार्यालय, प्यूठानबाट र सामुदायिक वन उपभोक्ता समूहबाट खरिद गरी दाखिला गर्न सकिने छ ।

४. सिलबन्दी बोलपत्रसाथ बोलपत्रमा कबुल गरेको न्यूनतम सकार मूल्यको १०% ले हुने रकम यस समूहको नेपाल बैंक लिमिटेड खलङ्गा शाखमा रहेको **मिलमिले जुरेढुङ्गा सामुदायिक वन उपभोक्ता समुह ऐरावती गा.पा. ०१, प्यूठान** को खाता नं ०५२००१००७५७०१२००००१ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा खिचिएको बैंक ड्राफ्ट वा मान्यता प्राप्त बैंकबाट जारी भएको कम्तीमा छ महिना अवधिको बैंक जमानत वा नगद संलग्न हुनु पर्नेछ।

५. लिलाम बिक्री हुने वन पैदावार सम्बन्धित घाटगद्धिमा गै हेर्न सकिने छ।

६. लिलाममा भाग लीन इच्छुक व्यवसायीले वन पैदावारको कारोबार गर्ने उद्देश्यले दर्ता गरिएको व्यवसाय दर्ताको प्रमाण, नेपाली नागरिकताको प्रमाणपत्र, र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि कर चुक्ताको प्रमाण तथा सूचीकृत प्रमाणपत्र बोलपत्रसाथ पेस गर्नुपर्ने छ ।

७. रीत पूर्वक पर्न आएको बोलपत्रहरू डिभिजन वन कार्यालय, प्यूठानबाट समेत प्राप्त भएपश्चात उपभोक्ता समूहको कार्यालयमा सव डिभिजन वन कार्यालय तथा स्थानीय तहको रोहबरमा खोलिनेछ ।

८. लिलाम स्वीकृतीको जानकारी बोलपत्रमा उल्लिखित ठेगानामा पठाइने छ। जानकारी पाएको मितिले सकार गरेको रकम, नियमानुसार लाग्ने संकलन खर्च तथा तोकिएका कर हरू कानुन बमोजिम तोकिएको अवधि भित्र रकम बुझाई जे जस्तो छ सोही अवस्थामा वन पैदावार उठाई लैजानु पर्नेछ।

९. सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ।

१०.सिलबन्दी भई नआएको, सम्बन्धित कार्यालयबाट विक्री नभएको वा बोलपत्रको फोटोकपी दाखिला गरेको, जसको नाममा विक्री भएको बोलपत्र फाराम हो, उसैको तर्फबाट दाखिला नगरेको, बोलपत्रदाताको छाप र हस्ताक्षर नभएको कबोल अंकको १० प्रतिशत धरौटी समावेश नभएको र बोलपत्र आह्वानको सूचनामा तोकिएका अन्य सर्तहरू पुरा नभएको, बोलपत्र उपर कारबाही हुने छैन।

११.बोलपत्र, सिलबन्द गरी पेस गर्नुपर्ने छ र सिलबन्दी खाममा लट नम्बर ,पेस गर्ने फर्मको नाम, ठेगाना र मोवाईल नं (ईमेल ठेगाना भए सो समेत), र यसै सामुदायिक वनको वन पैदावार लिलामको सिलबन्दी बोलपत्र भनी उल्लेख गरेको हुनुपर्ने छ।

१२.बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ। अङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

१३.बोलपत्र स्वीकृत गर्ने वन नगर्ने संपूर्ण अधिकार उपभोक्ता समितिलाई हुनेछ।

१४.यसमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभए जतिमा प्रचलित ऐन, नीति नियम ,निर्देशिका अनुसार हुने छ। प्रिन्ट मिस्टेक भै अन्यथा भएको अवस्थामा नियमानुसार हुनेछ।

१५.उपरोक्त उल्लिखित कुनै दिनमा विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुने छ ।

१६.यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिने छ।

ईति सम्वत २०८३ साल जेष्ठ २८ गते रोज ५ मा शुभम्

मा एकपटकमात्र विश्वकप जितेको स्पेनका खेलाडी पनि राम्रो फर्ममा रहेको विश्लेषकहरूले जनाएका छन् । फिफाको विश्व वरियतामा विभिन्न पटक शीर्षस्थानमा रहन सफल स्पेन वर्तमान युरोपेली च्याम्पियन पनि हो । स्पेनको टिम शक्तिशाली राष्ट्रिय टोलीमध्ये एक मानिएको छ ।

गत विश्वकपको उपविजेता फ्रान्स पनि विपक्षी टिममाथि आक्रमण गर्न पारङ्गत देखिएको छ । प्रतिभाशाली खेलाडीहरूले भरिएको फ्रान्सेली टिम तेस्रोपटक विश्वकप जित्ने लक्ष्य लिएर मैदानमा उत्रिँदैछ । विपक्षीतर्फ आक्रमण गर्ने सन्दर्भमा इङ्ल्यान्डको टिम पनि कम देखिएको छैन । यो टिम अनुभवी खेलाडीहरूले भरिएका छन् । इङ्ल्यान्डले सन् १९६६ मा एकपटकमात्र आफ्नै गृह मैदानमा विश्वकप जितेको थियो । यस्तै अनुभवी कप्तान क्रिष्टियानो रोनाल्डोको नेतृत्वमा रहेको पोर्चुगलको टिम यो विश्वकपमा सन्तुलित टिममध्ये एक मानिएको छ । यो टिममा मिडफिल्ड होस् वा फूलब्याकजस्तो महत्त्वपूर्ण स्थानमा यथोचित व्यवस्थापन भएको देखिएको छ । विश्वकपमा बलियो टिमका रूपमा हेरिने गरिएको पोर्चुगलले एकपटक पनि विश्वकप जित्न सकेको छैन । सन् १९६६ मा पोर्चुगल तृतीयसम्म भएको थियो ।

त्यसैगरी, ब्राजिल पनि विश्वकपका सहभागी टिमहरूमा शक्तिशाली टिमहरूमध्ये पर्दछ । विश्वमा सबैभन्दा धेरैचोटी पाँचपटक विश्वकप जित्न सफल ब्राजिल अहिले छैटौंपटक उपाधि जित्ने दाउमा रहेको छ । अनुभवी खेलाडीहरूको कमी नदेखिएको ब्राजिलले विश्वकप फुटबल प्रतियोगिता आयोजना भएको प्रारम्भिक दिनदेखि नै प्रतिस्पर्धा गर्दै आइरहेको छ ।

चारपटक विश्वकप जितिसकेको जर्मनीजस्ता टिम पनि विश्वकपका बलिया दावेदार मान्न सकिन्छ । तर सन् २०१८ तथा २०२२ मा समूह चरणबाटै बाहिरिएको जर्मनी यसपटक त्यस्तो पीडा फेरि नपरोस् भन्नेतर्फ सचेत रहेको छ । विश्वकपमा दुईपटक तृतीय भइसकेको क्रोयसिया तथा सन् २०२२ को विश्वकपमा तेस्रो स्थानका लागि भएको खेलमा क्रोयसियासँग एक गोलअन्तरले मात्र पराजित भएपछि विश्वव्यापी रूपमा

छ । ट्रफीको तौल छ किलोभन्दा बढी रहेको छ । यसको निर्माण १८ क्यारेटको सुनबाट गरिएको हो । उक्त सुनको ट्रफी स्थायी रूपमा फिफाको स्वामित्वमा रहने नियम छ । यस्तो महत्त्वपूर्ण ट्रफीलाई राष्ट्र प्रमुखहरू, फिफा अध्यक्ष र पूर्व विश्वकप च्याम्पियनहरूले मात्र छुन पाउने नियम रहेको छ ।

**नयाँ परिवर्तन**

विश्वकप फुटबलका सिलसिलामा केही परिवर्तनहरू हेर्न पाइने भएको छ । खेल सञ्चालनका लागि खटिने रेफ्रीहरूलाई सघाउन भिडियो सहायक रेफ्रीको व्यवस्था गरिएको छ । खेल सञ्चालनका क्रममा रेफ्रीले कुनै खेलाडीले समय खेर फालिरहेको देखेमा थ्रो-इन तथा गोलकिकको लागि पाँच सेकेन्ड काउन्टडाउन गर्न सक्ने नियम बनाइएको छ । त्यो समयभित्र खेल पुनः सुरु गर्न असफल भएमा विपक्षी टोलीलाई अवसर दिइने नियम बनाइएको छ । यसअनुसार खेलाडीले ढिलो गोलकिक प्रहार गरे विपक्षी टिमलाई कर्नर किकको अवसर प्रदान गरिने छ ।

खेल सञ्चालनका क्रममा रेफ्रीका निर्णयहरूको समीक्षा भिडियो सहायक रेफ्रीले गर्न सक्नेछन् । यस्ती रेफ्रीले खेल सञ्चालन हुँदा देखाएका पहेँलो तथा रातो कार्डबारे पनि समीक्षा गर्न सकिने भएको छ । खेलका बेला कुनै पनि खेलाडीलाई मुख ढाक्न प्रतिबन्ध लगाइएको छ । खेलको समयमा कुनै खेलाडीले आफ्नो मुख हातले छोपेमा तुरुन्तै रातो कार्डको सामना गर्नुपर्ने भएको छ । कुनै खेलाडी परिवर्तन गर्दा १० सेकेन्डभित्र मैदान छोडिसक्नुपर्ने व्यवस्था गरिएको छ । यस्तै खेलको बेला चाइते भएका खेलाडीलाई मैदान बाहिर उपचार गरिसकेपछि कम्तीमा ६० सेकेन्डसम्म मैदानबाट बाहिरै रहनुपर्ने नियम बनाईएको छ ।

**गर्मीको चुनौती**

विश्वकप गर्मीयाममा सञ्चालन गरिने भएकाले खेल सञ्चालनका बेला खेलाडीहरूको सुविधाका लागि प्रत्येक खेलको प्रत्येक हाफमा तीन मिनेटको विश्राम दिइने भएको छ । प्रतियोगिता सञ्चालन गरिने सहरहरूमा हुने गरेको अत्यधिक गर्मी चिन्ताको विषय भएकाले खेल सुरु भएको २२औं तथा ६७औं मिनेटमा विश्राम दिइने व्यवस्था मिलाइएको छ । यस्तो

निराजन रायमाझी र हरि खड्काले एक-एक गोल गरेका थिए । सन् २०१४ मा ब्राजिलमा भएको विश्वकपको छनोट चरणमा नेपालले टिमोर लिष्टेलाई अनिल गुरुङ र जुमानु राईको गोलको मद्दतले पराजित गरेको थियो । दोस्रो खेलमा टिमोर लिष्टेलाई शून्यका विरुद्ध पाँच गोलले हराउँदै छनोट चरणको दोस्रो चरणमा प्रवेश गर्दा मुलुकका लागि गोल प्रहार गर्ने खेलाडीहरूमा अनिल गुरुङ, जुमानु राई, भोला सिलवाल, जगजित श्रेष्ठ र सुजल श्रेष्ठ थिए । दोस्रो चरणको पहिलो खेलमा नेपाल जोर्डनसँग पहिलो खेलमा शून्यका विरुद्ध नौ गोलको भारी अन्तरले हार्न पुगेको थियो भने दोस्रो खेलमा दुवै टिमबाट एक-एक गोल भई खेल बराबरीमा टुङ्ग्याउन नेपाल सफल भएको थियो । त्यतिखेर महत्त्वपूर्ण गोल गर्न सफल खेलाडी भरत खवास थिए ।

सन् २०२२ मा कतारमा भएको विश्वकपको छनोट चरणको दोस्रो चरणमा सोभै खेल्ने अवसर पाएको नेपालले चाइनिज ताइपेइलाई दुई खेलमा पराजित गरेको थियो । पहिलो खेलमा अन्जन विष्टले शून्यका विरुद्ध दुई गोल प्रहार गरेका थिए भने दोस्रो खेलमा अन्जन विष्ट र नवयुग श्रेष्ठको गोलको मद्दतले नेपाल शून्यका विरुद्ध दुई गोलले विजयी भएको थियो । सन् २०२६ को फिफा विश्वकपको प्रारम्भिक चरणमा नेपाल र लाओस दुवैतर्फबाट एक-एक गोल भई खेल बराबरीमा टुंगिएको थियो । नेपालका लागि उक्त गोल अन्जन विष्टले गरेका थिए । दोस्रो खेलमा मनिष डाँगीको गोलद्वारा नेपाल लाओसलाई शून्यका विरुद्ध एक गोलले हराउन सफल भएको थियो । यसरी नेपाल दोस्रो चरणमा प्रवेश गरेपछि यमनसँग दुई-दुई गोल गरेर बराबर गर्न सफल भएको थियो । ती गोल सञ्जीव विष्ट र जिलेस्पी कार्कीले गरेका थिए । तर यमन र बहराईनसँग भने नेपाल भारी गोलको अन्तरले पराजित भएको थियो ।

नेपालले संयुक्त अरब इमिरेटस युएई, बहराइन र यमन कुनै टिमलाई जित्न नसकी प्रतियोगिताबाट बाहिरिएको थियो । नेपाल युएईसँग दुवै गोलमा शून्यका विरुद्ध चार गोलको अन्तरले हारेको थियो । नेपाल बहराइनसँग पनि दुवै खेलमा शून्यका विरुद्ध पाँच गोलले हार्न पुगेको थियो ।

अस्पताल भैरहवाद्वारा संचालित आँखा अस्पताल तथा विभिन्न आँखा उपचार केन्द्रहरुको लागि देहायका पदहरुमा करारमा कर्मचारी पदपूर्ति गर्नु पर्ने भएकोले योग्य ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र दरखास्त फारम भर्न यो सूचना आह्वान गरिएको छ ।

| S.N. | Designation | Req. No. | Academic Qualification | Remarks |
|---|---|---|---|---|
| 1 | Ophthalmic Assistant NG-1st Level 8 (Technical) | 1 | Ophthalmic Assistant Degree | Registered in NHPC, Experience Preferred |
| 2 | Optical Grinder, Level 1(Admin) | 1 | 10 pass | Skill base training on optical dispensing/grinding. |

**सेवाको किसिम र अवधि :-**

- उम्मेदवारहरूको छनौट अन्तर्वार्ताको माध्यमबाट गरिनेछ ।
- करार/कार्य सम्पादनको आधारमा करार अवधि थप गर्दै लान सकिनेछ ।
- सेवा,शर्त र सुविधा नेपाल नेत्र ज्योति संघको नियमानुसार(करार सम्झौता अनुसार) हुनेछ ।
- उमेरः- सहायक तथा अन्य स्तरको लागि १८ वर्ष उमेर पुगेको र ३५ वर्ष र महिलाको हकमा ४० वर्ष) ननाघेको हुनुपर्ने ।
- शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, बायोडाटा लगायत अन्य आवश्यक कागजातको प्रतिलिपि राखी दरखास्त पेश गर्नु पर्नेछ ।
- दरखास्त फारम शुल्क :- सहायक तथा अन्य स्तर रु.५००/-
- दरखास्त फारम नेपाल नेत्र ज्योति संघ,रुपन्देही शाखाको कार्यालयबाट उपलब्ध हुनेछ ।
- अन्तर्वार्ताको मितिः२०८३।०३।१२ गते शुक्रबार, समयः बिहान ११:०० बजे ।
- प्रवेश पत्र वितरण : मिति २०८३।०३।१२ गते बिहान ९:०० बजेदेखि ।

थप बिस्तृत जानकारीको लागि
**नेपाल नेत्र ज्योति संघ,**
रुपन्देही शाखा, फोन नं. : ०७१-५२४३३६

## मिलमिले जुरेढुङ्गा सामुदायिक वन उपभोक्ता समूह, ऐरावती गा.पा. १ प्यूठान

### काठ दाउरा लिलाम विक्री सूचना

सूचना प्रकाशित मिति २०८३।०२।२८

डिभिजन वन कार्यालय, प्यूठानको च.न. १४१२ मिति २०८३/०२/२६ गतेको विक्री सहमति अनुसार यस समूहको घाटगद्दीमा भएको खयर जातका ५६४ थान गोलियाको ६२६।५८ क्यू. फिट काठ लाई १ वटा लट कायम गरि घाटगद्धिमा जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नु परेकोले इच्छुक तथा रित पुगेका काष्ठ व्यवसायीले तोकिएको स्थान र निकायबाट २१ दिन भित्र बोलपत्र खरिद गरी २२औं दिनमा दिउसोको ३:०० बजे भित्र बोलपत्र खरिद गरिएकै स्थान र निकायमा सिलबन्दी बोलपत्र दाखिला गर्न सूचित गरिन्छ । यसको बिस्तृत सूचना उपभोक्ता समूह, डिभिजन वन कार्यालय प्यूठानको सूचना पाटी तथा Website: https://dfopyuthan.lumbini.gov.np तथा अन्य डिजिटल माध्यम बाट समेत तीन सकिने व्यहोरा जानकारी गराइन्छ ।

अध्यक्ष


ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्को बेला पनि सेवा दिइने छ ।

सम्पर्क:
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रुपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३